रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ९ रामग्राम, बैशाख १५ गते, २०८३ साल संख्या १

**भाग-२**

## व्यवसायिक कृषिद्वारा खाद्य सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/१५

दिगो विकास लक्ष्य, सोहौं योजनाको आधार पत्र, आवधिक योजना तर्जुमा राष्ट्रिय अवधारणा लगायत विभिन्न पुस्तक, लेख, अनुसन्धानात्मक कृतिहरु, रामग्राम नगरपालिकाको विवरण, वार्षिक प्रतिवेदन, वार्षिक कार्यक्रम, नगर प्रोफाइल, आदि संकलन तथा अध्ययन गरि **रामग्राम नगरपालिकाको खाद्य सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार** गर्न व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता गरियो। उक्त कार्यक्रम सञ्चालन गर्न कृषि क्षेत्रको माटोको विशेषता र गुणस्तर विश्लेषण, नगरपालिकाको सर्वाङ्गीण विकासका लागि आर्थिक विकासको पाटोमा उभिएको व्यवसायिक कृषिको हकमा रामग्राम नगरपालिका विभिन्न वडाहरु १ देखि १८ को अवस्था पहिचान गरी स्थानीय हावापानी, माटो, जनचाहना, लागत अनुमान, चुनौती र अवसरहरुको विश्लेषण गरि पहिचान गरिएका बालीहरुको उत्पादनका बढाउने, कृषि व्यवसायमा आधारित योजनाहरुको सफल कार्यान्वयनबाट रामग्राम नगरपालिकालाई एक व्यवस्थित, सक्षम र समृद्ध नगरपालिकाको रुपमा विकास गर्न मार्ग निर्देश गर्दै सुव्यवस्थित रुपमा संचालन, व्यवस्थापन तथा नियमन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधि बनाईएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "रामग्राम नगरपालिकाको व्यवसायिक कृषिद्वारा खाद्य सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

३) यो कार्यविधि रामग्राम नगरपालिका भर लागु हुनेछ।

**२) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

- "प्रमुख" भन्नाले रामग्राम नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।
- "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामग्राम नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ।
- "सहकारी" भन्नाले कृषि तथा पशूपंक्षिजन्य वस्तु उत्पादनमा संलग्न रामग्राम नगरपालिका भित्रका सहकारीलाई जनाउनेछ। यस शब्दले रामग्राम नगरपालिकाका कृषकहरुको कृषि तथा पशुजन्य वस्तुको उत्पादन खरिद गर्ने आसपासका सहकारीलाई समेत जनाउनेछ।
- "संकलन केन्द्र" भन्नाले रामग्राम पालिका वासि कृषकले उत्पादन गरेको कृषि उत्पादन खरिद गर्ने नगरपालिकामा दर्ता भएको डेरी उद्योग, हाटबजार तथा संकलन केन्द्ररलाई सम्झनु पर्दछ।
- तरकारी भन्नाले काउलि, बन्दा, ब्रोकाउलि, केराउ, वोडि, सिमि, साग, काक्रो, फर्सि, घिरौला, लौका, करेला, चिचिण्डा, भाण्टा, फर्सी, काक्रो, पिडालु, च्याउ, भिण्डि, टमाटर, आलु, स्कुस, लगायतका तरकारिमा प्रयोग हुने अन्य बस्तु समेतलाई जनाउँछ।
- "फलफुल" भन्नाले सुन्तलाजातको फलफुल, अनार, अम्बा आँप, लिचि, स्ट्रबेरी, ड्रागन, कटहर, केरा, मेवा लगायत फलफुलको रुपमा प्रयोग हुने अन्य वस्तुलाई जनाउँछ।
- "मसला वस्तु" भन्नाले लसुन, प्याज, धनिया, खुर्सानी, अदुवा, वेसार, लगायत मसलाको रुपमा प्रयोग हुने वस्तुलाई जनाउने छ।
- "अनुदान" भन्नाले रामग्राम नगरपालिका अन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरुको लागि कार्यालयबाट उपलब्ध गराईने अनुदान रकमलाई बुझाउँछ।
- "अनुदानग्राही" भन्नाले रामग्राम नगरपालिकाको कृषि कार्यक्रमबाट अनुदान प्राप्त गर्ने कृषक, उद्यमी, समूह, सहकारी, फर्म/ कम्पनी र भारत लगायत अन्य देशबाट फर्केका कृषि पेशा अगाल्न ईच्छुक बेरोजगार व्यक्तिलाई सम्झनु पर्छ।
- "कार्यक्रम" भन्नाले रामग्राम नगरपालिका अन्तर्गत सञ्चालन गरिने कृषि कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु सम्झनु पर्छ।
- "कार्यालय" भन्नाले कार्यक्रम सञ्चालन गर्ने रामग्राम नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।
- "कृषि" भन्नाले तरकारी, फलफुल, पुष्प, मसला बाली, मौरिपालन, रेशम खेती र च्याउ खेति, अन्न बाली, दलहन बाली, नगदे बाली, तेलहन बाली लाई कृषि व्यवसाय सम्झनु पर्छ।
- "समिति" भन्नाले कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

- "वडा" भन्नाले रामग्राम नगरपालिका भित्रका सम्पुर्ण वडाहरुलाई सम्झनु पर्छ।
- "आपूर्तिमा आधारित अनुदान कार्यक्रम" भन्नाले रामग्राम नगरपालिका कृषि शाखाद्वारा सञ्चालन तथा व्यवस्थापन गर्ने गरी समग्र कृषि क्षेत्रको विकासको लागि लक्षित वर्ग दिईने अनुदान कार्यक्रम सम्झनुपर्छ।
- "मापदण्ड" भन्नाले मागमा आधारित अनुदान कार्यक्रमका लागि पेश गरिएको प्रस्ताव मुल्याङ्कनका लागि तोकिएका अनुसूची बमोजिमको मापदण्ड सम्झनुपर्छ।

**३. कार्यक्रमको उद्धेश्यः**

१) नगरपालिकाको सर्वाङ्गीण विकासका लागि आर्थिक विकासको पाटोमा उभिएको व्यवसायिक कृषिको हकमा रामग्राम नगरपालिका विभिन्न वडाहरु १ देखि १८ को अवस्था पहिचान गरी वडागत सबैभन्दा उपयुक्त वालीको पकेट सिफारिस भए अनुसार प्रत्येक वडाको पहिचान हुने गरि १ वडा १ उत्पादन गर्ने।

२) आर्थिक सामाजिक विभेदमा परेका महिला, जनजाती, दलित, मधेशी तथा मुस्लिम समुदाय जस्ता सीमान्तकृत वर्गको उत्थानका लागि कृषिमा उत्पादन तथा उत्पदनोपरान्त क्रियाकलाप गर्ने

३) दिगो माटो व्यवस्थापन तथा कृषि उत्पादनमा बृद्धी गर्ने उपायहरु सिफारिस गर्ने

४) स्थानीय उपलब्धताको आधारमा कच्चा पदार्थको प्रयोग गरि कृषि व्यवसायमा आधारित योजनाहरुको सफल कार्यान्वयनबाट रामग्राम नगरपालिकालाई एक व्यवस्थित, सक्षम र समृद्ध नगरपालिकाको रुपमा विकास गर्ने

५) औद्योगिक विकास, प्रबर्द्धन, संरक्षण गर्दै आयात प्रतिस्थापनको माध्यमबाट रामग्रामलाई आत्मनिर्भरताको सुनिश्चितता गर्ने

## परिच्छेद-२

## कार्यक्रमको कार्यक्षेत्र तथा कृषक छनोट

**४. व्यवसायिक कृषि उत्पादन कार्यक्रममा कृषक छनोट मापदण्डः** व्यवसायिक कृषि उत्पादन कार्यक्रममा कृषक छनोट गर्दा देहाय बमोजिमको मापदण्ड अवलम्बन गर्नु पर्नेछ।

१) सोही प्रकृतिका लागि संघ, प्रदेश, स्थानीय तह वा अन्य निकायबाट अनुदान वा सुबिधा प्राप्त गरेको लाभग्राही यस कार्यक्रममा सहभागी हुन पाउने छैन ।

२) कृषि कार्यक्रम व्यक्तिगत रुपमा सञ्चालन गर्न कम्तिमा खाद्यान्न बालीको हकमा १० कट्ठा, तरकारी वा अन्य बालीको हकमा ५ कट्ठा तथा सामूहिक रुपमा सञ्चालन गर्न कम्तिमा १५ घरधुरी र खाद्यान्न बालीको हकमा १० विघा, तरकारी वा अन्य बालीको हकमा २ विघा जाग्गाको प्रमाणित हुने कागजात र भुमि कर तिरेको रसिद हुनुपर्ने छ। ऐलानि जग्गाको हकमा भोग चलन गरेको वडाले प्रमाणित गरेको आधिकारिक कागजात पेश गर्नु पर्नेछ।

३) कार्यक्रममा सहभागी हुन वडा कार्यलयको सिफारिस पेश गर्नु पर्नेछ।

४) व्यवसायिक रुपमा कृषि व्यवसाय सुरुवात गरेको समुह/उद्यमलाई प्राथमिक्ता दिइनेछ।

५) लक्षित वर्ग विशेष आर्थिक रुपमा विपन्न भूमिहीन, मुसहर, पासी, नेटुवा, गडरिया, माझी, कुमाल, सोनहा, विपन्न दलित, चमार, डोम, महिला, दलित, जनजाती, मधेशी र मुस्लिम समुदायलाई प्राथमिकता दिइनेछ ।

६) माथि जे सुकै लेखिए तापनि कुनै स्थानमा कार्यालय वा कार्यपालिकाले आवश्यक ठानेमा नगर कार्यपालिकाले निर्णय गरी कृषक/ समूह छनोट गर्न कुनै बाधा पर्ने छैन ।

**५. समिति सम्बन्धि व्यवस्थाः**

**५.१ स्थलगत अनुगमन तथा मूल्याङ्कन समितिः** कार्यक्रम संचालनका लागि स्थलगत अनुगमन, मूल्याङ्कन र निरीक्षण गरी प्रस्ताव मूल्याङ्कन गर्नका लागि देहाय बमोजिमको स्थलगत अनुगमन समिति रहनेछ । यस समितिले कार्यक्रम छनौटका लागि स्थलगत अनुगमन तथा मुल्यांकन गरी छनौटका लागि कार्यक्रम छनोट तथा व्यवस्थापन समिति समक्ष पेश गर्नेछ ।

**तपसिल**

संयोजकः प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तर कर्मचारी

सदस्यः योजना, अनुगमन तथा प्रशासन शाखा

सदस्यः पुर्वाधार विकास शाखा

सदस्यः पशुपन्छी विकास शाखा

सदस्य सचिवः कृषि विकास शाखा प्रमुख

५.१.१ प्रस्तावहरुको अनुगमन तथा मुल्यांकन गर्न आवश्यकता अनुसार थप आधार तथा मापदण्डहरु तयार गर्न सक्नेछ। यस्ता आधार तथा मापदण्डहरु कार्यक्रम छनोट तथा व्यवस्थापन समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

**५.२ कार्यक्रम छनौट तथा व्यवस्थापन समिति**

कृषि कार्यक्रम संचालनका लागि प्रस्ताव छनौट गर्न तथा छनौट भएका कार्यक्रम व्यवस्थापन गर्न तपसिल बमोजिमको कार्यक्रम छनौट तथा व्यवस्थापन समिति रहने छ ।

**तपसिल**

संयोजकः नगर प्रमुख

सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः कृषि ज्ञान केन्द्रको प्रमुख/ प्रतिनिधि

सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य सचिवः कृषि विकास शाखा प्रमुख

दफा ५ बमोजिम गठित समितिले कार्यक्रमको प्रकृति अनुसार बढीमा २ जनालाई आमन्त्रण गर्न सक्नेछ ।

दफा ५ बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ ।

१) ५१% बहुमत सदस्यको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ।

२) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

३) समितिले नेपाल सरकारले तोकेको मापदण्ड अनुसार सेवा सुबिधा लिन सक्नेछ ।

**६. समितिको काम, कर्तव्य, अधिकारः** दफा ५ बमोजिम गठित समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ।

१) संचालित कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन मुल्याङ्कन गर्ने/गराउने तथा अनुदानग्राही छनोट गर्ने।

२) संचालित कार्यक्रमहरुको अनुगमन, समिक्षा, पृष्ठपोषण तथा निर्देशन दिने ।

३) संचालित कार्यक्रमको सम्बन्धमा प्राप्त भएका गुनासो व्यवस्थापन गर्ने ।

## परिच्छेद-३
## कार्यक्रम कार्यक्षेत्र

रामग्राम नगरपालिका अन्तर्गत सञ्चालन हुने खाद्य सुरक्षा सुनिश्चित तथा आय आर्जन सुधार गर्न व्यवसायिक कृषि उत्पादन कार्यक्रममा देहाय बमोजिम क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

**७. कृषि विकास तथा प्रवर्द्धनका लागि सिंचाई व्यवस्थापनः**

१) रामग्राम नगरको कृषि क्षेत्रको समग्र सिचाइको आवश्यकताका आधारमा नगरका सबै वडाहरुमा आवश्यक पर्ने सिंचाईको लागि डिप बोरिङ्ग जडान तथा मर्मत सम्भार, कच्ची तथा पक्की कुलो निर्माण तथा मर्मत सम्भार लगायत थोपा सिंचाई प्रविधि, लिफ्ट सिंचाई प्रविधिहरुको प्रयोग गर्दै कृषियोग्य जमिनको सिंचाई व्यवस्थापन गरिनेछ ।

२) डिप ट्युबवेल जडान कार्यक्रमका लागि कृषक समूह, सहकारी, कृषि फर्म, कृषि उद्यमी वा सामूहिक सिंचाइ प्रयोजनका लागि गठित उपभोक्ता समूह मात्र योग्य मानिनेछ। व्यक्तिगत कृषकको हकमा व्यवसायिक कृषि उत्पादनमा संलग्न भएको हुनु पर्नेछ।

३) सिंचाइ अभावका कारण उत्पादन प्रभावित भएको क्षेत्र, व्यवसायिक खेती हुने क्षेत्र, तथा सामूहिक लाभ पुग्ने आयोजनालाई प्राथमिकता दिइनेछ।

४) डिप ट्युबवेल, पाइपलाइन, मोटर/पम्पसेट, विद्युतीय जडान, कन्ट्रोल प्यानल, पानी वितरण संरचना लगायत नगरपालिकाले अनुदानमा उपलब्ध गराउनेछ।

**८. संरक्षित संरचना भित्र बेमौसमी उत्पादन कार्यक्रम**

प्लास्टिक टनेलभित्र तरकारी उत्पादन कार्यक्रम सञ्चालन गरी वर्षैभरि तरकारी उत्पादन, प्रतिकूल मौसमबाट बाली संरक्षण, उत्पादन तथा उत्पादकत्व वृद्धि, गुणस्तरीय तरकारी आपूर्ति, कृषकको आयआर्जन वृद्धि तथा व्यवसायिक कृषि प्रवर्द्धन गर्ने उद्देश्य रहेको छ ।

१) लाभग्राही तरकारी खेतीमा संलग्न कृषक, समूह, सहकारी, फर्म वा उद्यमी हुनु पर्नेछ।

२) टनेलमा प्रयोग हुने प्लास्टिक न्युनतम ७५ देखि १२० जी एस एम को हुनु पर्ने छ ।

३) प्लास्टिक टनेल प्राविधिक इष्टिमेट, स्वीकृत मापदण्ड र स्पेसिफिकेसन बमोजिम निर्माण गर्नु पर्नेछ।

४) अनुदानमा निर्माण भएको टनेल कम्तीमा ३ वर्षसम्म तरकारी उत्पादनमा प्रयोग गर्नु पर्नेछ। टनेल वा सामग्री बेचबिखन, हस्तान्तरण, अपचलन वा उद्देश्य विपरीत प्रयोग गरेमा अनुदान रकम फिर्ता लिई कारवाही गरिनेछ।

## ९. कृषि यान्त्रीकरण कार्यकम

व्यावसायिक तथा सघन खेतीको उत्पादकत्व वृद्धि तथा उत्पादनोपरान्त क्षति न्यूनीकरणका लागि आवश्यक पर्ने यन्त्र उपकरण तथा मेशिनरी औजार अनुदानमा उपलब्ध गराई कृषकहरुको उत्पादन लागत कम गरी आर्थिक उन्नतीमा टेवा पुर्याउने उद्धेश्य रहेको छ ।

१) यस कार्यक्रम अन्तर्गत देहायका यन्त्र, उपकरण तथा प्रविधिमा अनुदान उपलब्ध गराउन सकिनेछ– विद्युतीय सिंचाई मोटर, मिनी टिलर, पावर टिलर, रोटाभेटर, रिपर, सिड ड्रिल, पम्पसेट, स्प्रेयर, धान/गहुँ थ्रेसर, रीपर, तरकारी तथा फलफूल धुने, सफा गर्ने, ग्रेडिङ गर्ने, साइजिङ गर्ने, सुकाउने प्रविधि, ड्रायर, सोलार ड्रायर, प्याकेजिङ मेसिन, सिलर, तौल उपकरण, क्रेट, जिरो इनर्जी स्टोर, प्रशोधन सम्बन्धी साना उपकरण, संकलन केन्द्रमा प्रयोग हुने पोस्ट हार्भेस्ट सामग्री तथा अन्य यन्त्र उपकरण।

## १०. वैकल्पिक मल व्यवस्थापन कार्यक्रम (कम्पोष्ट पिट/बेड निर्माण तथा प्रांगारिक मल प्रवर्द्धन)

१) कार्यक्रममा सहभागी छनौट गर्दा समुदायमा योगदान पुर्याएको, आफुले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रहने कृषक, कृषि सहकारी, कृषि फर्म, कृषक समुहलाई प्राथमिक्ता दिईने छ।

२) प्राविधिक इष्टिमेट अनुसार कम्पोष्ट पिट/बेड निर्माण हुनेछ।

३) कम्पोष्ट पिट/बेड निर्माणको लागी लागत अनुमान र बजेटको परिधिभित्र रही संचालन गर्न सकिनेछ।

४) बढ्दो रासायनिक मलको अभाव तथा आयात प्रतिस्थापन गर्न दानेदार प्रांगारिक मल, भर्मी कम्पोस्ट, कम्पोस्ट मल, हरियो मलको वीउ लगायत अन्य प्रांगारिक मल कृषकहरुलाई कार्यालयले खरिद गरी वितरण गर्न सक्ने छ ।

## ११. बाली संरक्षण मिनी प्रयोगशाला स्थापना तथा संचालन कार्यक्रम

बाली संरक्षण मिनी ल्याब रामग्राम नगरपालिका क्षेत्रभित्र रोग-किराको पहिचान, नमूना परीक्षण तथा नियन्त्रण सम्बन्धी प्राविधिक परामर्श सेवा दिन स्थापना तथा सञ्चालन गरिनेछ।

१) यस कार्यक्रम सुरुवातका लागि नगरपालिकाको कृषि विकास शाखा वा एकीकृत कृषि तथा पशु सेवा केन्द्रमा मिनील्याब स्थापना गरिने छ।

२) ल्याब सञ्चालनका लागि आवश्यक आधारभूत उपकरण, रसायन, रिएजेन्ट, नमूना संकलन सामग्री, सुरक्षा सामग्री, जनशक्तिको व्यवस्था कार्यालयले गर्नु पर्नेछ।

३) ल्याबबाट परीक्षण गरिएका नमूना, पहिचान गरिएका रोग-किरा, सिफारिस गरिएका नियन्त्रण उपाय र सेवा प्राप्त गरेका कृषकको अभिलेख राखी नगरपालिकाबाट नियमित अनुगमन गरिनेछ।

**१२. सेवा टेवा सहित कृषि तालिम र भ्रमण**

कृषि उत्पादनको गुणस्तर अभिवृद्धि तथा उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण गर्ने उद्देश्यले कृषकहरुलाई लक्षित गरी तालिम तथा भ्रमण सञ्चालन गरिनेछ।

१) तालिममा आधुनिक खेती प्रविधि, बाली व्यवस्थापन, कटानी, संकलन, सफाइ, ग्रेडिङ, प्याकेजिङ, भण्डारण, ढुवानी, प्रशोधन तथा बजारीकरण सम्बन्धी विषय समावेश गरिनेछ। साथै सहभागीहरुलाई आवश्यक साना औजार, कृषि सामग्री, बीउ बिजन तथा विषादी प्रदान गर्न सकिने छ ।

२) तालिम सञ्चालनका लागि सहभागी छनोट, तालिम अवधि, स्थान, प्रशिक्षक, लागत तथा अन्य व्यवस्थापन कार्यालयले तोके बमोजिम हुनेछ।

३) कृषकहरुलाई उत्प्रेरित गर्दै क्षमता अभिवृद्धि गर्न अनुसन्धान केन्द्र/ व्यवसायीक/आधुनिक कृषि फर्ममा अध्ययन अवलोकन भ्रमण गराउन सकिने छ ।

## परिच्छेद-४

## कार्यक्रम संचालन तथा भुक्तानी प्रक्रिया

**१३. कार्यक्रम संचालन प्रक्रिया**

१) नगर क्षेत्र भित्रका कृषि सहकारी/उपभोक्ता समिति/कृषक समूह/कृषि फर्म/व्यवसायिक कृषकबाट आवेदनका लागि अनुसूची १ को ढाँचामा कम्तिमा ७ दिने सूचना आव्हान गरिनेछ । यसरी सूचना आव्हान पश्चात प्रस्तावकले अनुसूची ३ अनुसारको ढाँचामा व्यवासयिक योजना तथा अनुसूची ४ बमोजिम प्रतिवद्धता पत्र भरी अनुसूची २ बमोजिम निवेदन पेश गर्नु पर्नेछ ।

२) पेश भएका प्रस्तावहरुको परिच्छेद २ मा भएको व्यवस्था बमोजिम स्थलगत अनुगमन समितिबाट अनुगमन तथा निरीक्षण गरी अन्तिम प्रतिवेदन तयार गरी छनौटका लागि कार्यक्रम छनौट तथा व्यवस्थापन समिति समक्ष पेश गरिनेछ । यसरी पेश भएका प्रस्तावहरु छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यक्रम छनोट तथा व्यवस्थापन समितिमा रहनेछ ।

३) सिंचाई पूर्वाधार निर्माण/जडान बाहेकका यन्त्र उपकरण वा कृषि सामग्रीहरु कृषकको माग र आवश्यकता पहिचानका आधारमा सामग्री नगरपालिकाले खरिद गरी हस्तान्त्रण गर्न सक्नेछ ।

**१४. सम्झौता**

१) प्रस्ताव स्वीकृत भएको अनुदानग्राहीले जानकारी प्राप्त गरेको ७ दिन भित्र अनुसूचि ६ बमोजिम सम्झौता गर्नु पर्नेछ।

२) छनौट भएका प्रस्तावदाताहरुले पेश गरेको कार्ययोजनाको आधारमा कृषक, कृषि उद्यमि, कृषक समुह, उपभोक्ता समूह, कृषि सहकारी, कृषि फर्मको लागि आवश्यक पर्ने न्यूनतम क्रियाकलापहरुको लागत ईष्टिमेट तयार पारी सम्झौतामा उल्लेख गरिनेछ।

३) उपदफा १ बमोजिमको समयसिमा भित्र सम्झौता गर्न नआएमा क्रमशः दोश्रो र तेस्रो प्राथमिकतामा रहेका अनुदानग्राहीसँग नियमानुसार सम्झौता गर्न सकिनेछ।

**१५. अनुदान रकम र भूक्तानी प्रक्रिया**

१) यस कार्यक्रम अन्तर्गत संचालन हुने सबै क्रियाकलाप रामग्राम नगरपालिकाको शत प्रतिशत अनुदान/लागत/लगानीमा संचालन हुनेछ ।

२) सम्झौता अनुसार काम भए नभएको सम्बन्धित प्राविधिकले अनुगमन तथा निरीक्षण गरी योजनाको प्रभावकारिताको सुनिश्चित गरिनेछ ।

३) कार्यक्रम सम्पन्न भए पश्चात प्राविधिक मूल्याङ्कन, स्थलगत फोटो, विल भरपाई संलग्न राखी भुक्तानीका लागि पेश गर्नु पर्नेछ ।

४) सम्बन्धित प्राविधिकले दिएको अन्तिम प्रतिवेदन र प्रचलित नियमानुसार हुन आउने करकट्टी गरि बाँकी रकम भुक्तानी गरिनेछ ।

## परिच्छेद-४

## विविध

**१६. कारवाहीको व्यवस्था**

१) यस कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापबाट प्राप्त भएका यन्त्र, उपकरण तथा जडान/निर्माण भएका पूर्वाधारहरु अन्यत्र विक्रि वितरण वा दुरुपयोग गरेको पाइएमा कानुन बमोजिम जरिवाना वा असुल उपर गरिनेछ ।

**१७. बाधा अडकाउ फुकाउनेः**

१) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार रामग्राम नगर कार्यपालिकामा निहित रहने छ ।

२) यो कार्यविधिलाई आवश्यकता अनुसार रामग्राम नगरपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

३) यस कार्यबिधिमा उल्लेख भएको प्रकृयाको सम्बन्धमा  यसै कार्यबिधी बमोजिम, अन्य बुदाँहरुमा प्रचलित कानुन बमोजिम हुनेछ।

अनुसूची -१
सूचनाको नमुना

☏०७८- ५२०१९३

प.सं.:

च.नं.: सूचना प्रकाशित मितिः

व्यवसायिक कृषिद्वारा खाद्य सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचनाको ढाँचा

यस रामग्राम नगरपालिकाको चालु आ.व....... को स्वीकृत वार्षिक कृषि कार्यक्रम अन्तर्गत व्यवसायिक कृषिद्वारा खाद्य सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार कार्यक्रम संचालन गर्नुपर्ने हुँदा तोकिएको ..........क्षेत्र भित्रका इच्छुक कृषक, कृषि उद्यमी, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले ..... दिन (२०..महिना ..... गतेसम्म) भित्र तोकिएको ढाँचामा विवरण भरी देहाय अनुसारका कागजातहरू संलग्न गरी रामग्राम नगरपालिका कृषि विकास शाखामा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

...........................

आवश्यक कागजातहरु

१. अनुसूची २ बमोजिमको ढाँचामा निवेदन र अनुसूची ३ बमोजिमको ढाँचामा व्यावसायिक योजना ।
२. संस्था दर्ता प्रमाण पत्र (कृषि फर्म/कृषक समूह/कृषि सहकारीको हकमा) ।
३. निर्णय प्रतिलिपी (कृषि फर्म/कृषक समूह/कृषि सहकारी तथा उपभोक्ता समितिको हकमा) ।
४. स्थायी लेखा नं (PAN) को प्रतिलिपी (कृषि फर्म/कृषक समूह/कृषि सहकारीको हकमा) ।
५. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (कृषि फर्म/कृषक समूह/कृषि सहकारीको हकमा)
६. नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
७. जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी वा जग्गा भाडामा भए करार सम्झौता पत्रको प्रतिलिपी।
८. एकीकृत सम्पती कर तिरेको प्रतिलिपी ।
९. कार्यक्रम संचालनका लागि तोकिए बमोजिमको प्रतिवद्धता पत्र ।

**अनुसूची-२**

**निवेदनको नमुना**

मिति :

**विषय : प्रस्ताव पेश गरिएको सम्बन्धमा ।**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

रामग्राम नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (ब.सु.प.)

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति .................... गतेको प्रकाशित सूचना वमोजिम व्यवसायिक कृषिद्वारा खाद्य सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार कार्यक्रम अन्तर्गत ...................................................................... कार्यक्रम संचालनका लागि अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव भरी तपसिलका कागजातहरु संलग्न राखी यो प्रस्ताव पेश गरेको/गरेका छु/छौं ।

**संलग्न कागजातहरूः**

१.
२.
३.
४.
५.

**निवेदक**

**हस्ताक्षर :**

**नामः**

**पदः**

**ठेगाना :**

**सम्पर्क नं.:**

## अनुसूचीः३
## प्रस्तावित योजनाको नमुना

१. फर्म/समूह/सहकारीको संक्षिप्त परिचयः

२. आबेदकको नाम र ठेगाना :

३. कार्यक्रमको नाम :

४. कार्यक्रम संचालन गरिने स्थानः

५. कार्यक्रम सञ्चालनको समयावधिः  मिति ..........................देखि ...............सम्म

६. कार्यक्रमको अनुमानित कूल लागत रकमः

७. सम्पर्क ब्यक्ति :

८. परियोजना/कार्यक्रमको संक्षिप्त विवरणः

९. कार्यक्रमको उद्देश्यः

१०. लाभान्वित हुने घर धुरि संख्याः                    प्रत्यक्षः                    अप्रत्यक्षः

११. जग्गाको क्षेत्रफलः  .....विघा ........कठ्ठा .......धुर

१२. कार्यक्रम स्थलमा रहेका पूवार्धाहरुः

१३. प्रस्तावित क्रियाकलापहरु र खर्चको विवरणः

| क.स. | संचालन गरिने क्रियाकलापहरु | परिमाण | अनुमानित दर | कुल लागत | कार्यालयको अनुदान रु | अनुदानग्राहीको लागत साझेदारी रु | कै |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

१४. कार्यक्रम सञ्चालनमा चुनौती तथा समस्याहरु : छ/ छैन (भएमा के कस्ता हुन् )

१५. प्रस्तावित कार्यक्रमबाट वातावरणीय प्रभाव : पर्ने/ नपर्ने (पर्ने भए के के हुन् उल्लेख गर्ने)

१६. परियोजना संचालन गर्न लाग्ने जनशक्ति विवरणः

१७. परियोजना संचालन हुने स्थानः रामग्राम न.पा. वडा नं. ..........टोल .................

१८. प्रस्तावित कार्यक्रमबाट प्राप्त हुने अनुमानित उपलब्धीहरु के के हुन्?

**निवेदक**

कृषक/समूह/सहकारी/उद्यमी/फर्म को नाम :

संस्थाको छापः

निवेदकः

दस्तखत :

सम्पर्क नं :

**अनुसूची -४**

**प्रतिवद्धता पत्रको नमुना**

रामग्राम नगरपालिकाको मिति २०../..../.... गतेको प्रकाशित सूचना अनुसार व्यवसायिक कृषिद्वारा खाद्य सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार कार्यक्रम संचालन अन्तर्गत ........................................................ कार्यक्रम सञ्चालन गर्न इच्छुक भई उक्त कार्यक्रमको लागि आवेदन पेश गरेको/गरेका छु/छौं । उक्त कार्यक्रममा संचालनका लागि छनौट भएमा आवेदनमा उल्लेख भएका र तहाँ कार्यालयले तोके बमोजिमका क्रियाकलापहरु गर्ने छु/छौं । आवेदनमा उल्लेख भए बमोजिम काम नगरेमा वा सम्झौता बमोजिमका सम्पुर्ण क्रियाकलापहरु नगरेमा त्यस कार्यालयबाट प्राप्त अनुदान रकम प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला ।

आवेदकको तर्फबाट

नाम :

पद :

कृषक/फर्म/समूह/सहकारीको नाम :

ठेगाना :

सम्पर्क नं. :

दस्तखत :

मिति :

छाप :

इति सम्वत २०....... साल ........ महिना ......... गते ...... रोज शुभम् ।

## अनुसूची -५

### व्यवसायिक कृषिद्वारा खाद्य सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार कार्यक्रमको मूल्याङ्कन फारामको ढाँचा (नमूना)

१. आवेदकको नाम :

२. आवेदकको ठेगाना :

३. कार्यक्रम सञ्चालन स्थलको ठेगाना :

४. प्रस्तावित कार्यक्रमको नाम : मागमा आधारित सिचाई कार्यक्रम अन्तगत पम्पसेट/ मोटर वितरण

५. मूल्याङ्कनका आधारहरू स्थलगत अनुगमन मिति :

| क्र.स. | प्रस्ताव मूल्याङ्कनका आधारहरू | अधिकतम सम्भाव्य अंक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| **१** | **आवश्यक कागजातको संलग्नता** | **५** | | |
| **२** | **प्रस्तावनाको स्पष्टता** | **२०** | | |
| २.१ | **अस्पष्ट** (योजना बुझ्न कठिन, विवरण अपूरो) | १० | | |
| २.२ | **मध्यम स्पष्ट** (केही कुरा स्पष्ट छन् तर थप सुधार आवश्यक) | १५ | | |
| २.३ | **स्पष्ट** (योजना सजिलै बुझिने, पर्याप्त र व्यवस्थित) | २० | | |
| **३** | **प्रस्तावित जमिनको उपयुक्तता/ पूर्वाधार** | **१५** | | |
| ३.१ | आवश्यक जमिनको क्षेत्रफल, सडक, विजुली लगायत अन्य पूर्वाधारको सुबिधा नभएको | ५ | | |
| ३.२ | आवश्यक जमिनको क्षेत्रफल भएको तर सडक विजुली लगायत अन्य पूर्वाधारको सुविधा नभएको | १० | | |
| ३.३ | आवश्यक जमिनको क्षेत्रफल भएको तर सडक विजुली लगायत अन्य पूर्वाधारको सुविधा भएको | १५ | | |
| **४** | **उत्पादित वस्तुको वजार योजना** | **१०** | | |
| ४.१ | बजारीकरणको योजना स्पष्ट नभएको | ७ | | |
| ४.२ | समूह सहकारी संस्थागत तरिकाले उत्पादित वस्तको बजारीकरण | ८ | | |
| ४.३ | आफ्नै पहलमा उत्पादित बस्तुहरूको बजारीकरण सुनिश्चिता (आफ्नै आउटलेट भएको) | १० | | |
| **५** | **बैदेशिक रोजगारबाट फर्की कृषि पेशा अगालेको** | **१०** | | |
| ५.१ | स्वदेशका अन्य स्थान तथा अन्य पेशा व्यवसायबाट फर्की कृषि पेशामा संलग्न रहेको | ५ | | |
| ५.२ | वैदेशिक पेशाबाट फर्की कृषि पेशामा संलग्न भए बापत | १० | | |
| **६** | **प्राविधिक दक्षता सम्बन्धित विषयको तालिम/ अनुभव** | **५** | | |
| ६.१ | कृषि तालिम नलिएको | ३ | | |
| ६.२ | कम्तिमा ३ दिन अवधिको तालिम लिएको | ४ | | |

| | | | | |
|---|---|---|---|---|
| ६.३ | कृषि विषय अध्ययन गरेको भए | ५ | | |
| ७ | **खेतवारीको व्यवस्थापन** | १० | | |
| ७.१ | साधारण | ३ | | |
| ७.२ | सन्तोषजनक | ५ | | |
| ७.३ | राम्रो | १० | | |
| ८ | **प्राथमिकता प्राप्त लाभान्वित वर्ग (सामूहिक प्रस्तावको हकमा)** | **१५** | | |
| ८.१ | ५ जना सम्म भए | ५ | | |
| ८.२ | ५-१५ जना भए | १० | | |
| ८.३ | १५ भन्दा माथि भए | १५ | | |
| ९. | **प्राथमिकता प्राप्त लाभान्वित वर्ग (व्यक्तिगत प्रस्तावको हकमा)** | **१५** | | |
| ९.१ | मधेशी, जनजाती, मुस्लिम | ५ | | |
| ९.२ | महिला | १० | | |
| ९.३ | दलित, भूमिहीन, लैंगिक अल्पसंख्यक, लोपनमुख, विपन्न, एकल महिला | १५ | | |
| ९ | **जमिनको स्वामित्व** | **५** | | |
| ९.१ | सम्झौता भएको भाडाको जग्गा | ३ | | |
| ९.२ | आफ्नै स्वामित्व | ५ | | |
| १० | **वातावरणीय प्रभाव** | **५** | | |

६. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरू

(क)

(ख)

७. स्थलगत अनुगमन टोलीको राय :

| क्र.स | नाम,थर | पद | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

**अनुसूची -६**

**व्यवसायिक कृषिद्वारा खाद्य सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार कार्यक्रम संचालनका लागि रामग्राम नगरपालिका र ........... कृषक/फर्म/समुह/संस्था/सहकारीबीच गरिएको द्धि-पक्षिय सम्झौता पत्रको (ढाँचा)**

व्यवसायिक कृषिद्वारा खाद्य सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार कार्यक्रम संचालन कार्यविधी, २०८२ र रामग्राम नगरपालिकाको मिति ........ गतेको निर्णय बमोजिम ......................... कार्यक्रम अन्तर्गतको **................कृषक/उद्यमी/समूह/सहकारी** रामग्राम न.पा. वडा नं. ......(यस पछि दोस्रो पक्ष भनिने) र **रामग्राम नगरपालिका, परासी नवलपरासी (ब.सु.प) (यस पछि प्रथम पक्ष भनिने)** बीच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता- पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं ।

**१) सम्झौता गर्ने पक्ष र परियोजना**

**क) व्यवसायिक कृषिद्वारा खाद्य सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार कार्यक्रम अन्तर्गतको कृषक/फर्म/समूह/सहकारी बाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधि :**

१. नामः

२. कृषक/फर्म/समूह/सहकारीको नामः

३. ठेगानाः

**ख) कार्यक्रम संचालन स्थलको विवरण**

१) रामग्राम न.पा. .......

२) कार्यक्रम कार्यान्वयन अवधि

३) संचालन हुने मिति :

४) सम्पन्न हुने मितिः

**२) सन्चालन हुने क्रियाकलाप सम्बन्धी विवरणः**

क) कार्यक्रमको नामः

ख) कार्यक्रमको किसिम :

ग) कार्यक्रमको कूल लागत रु.

घ) कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने

१) कृषक परिवार संख्याः

२) जनसंख्या : करिब ....... जना

**३) समुदाय/ वर्गः**

४) दलित/ जनजाती/ विपन्न/ मधेशी/ मुस्लिम

**४) सम्झौताका शर्तहरुः**

४.१ यो सम्झौता पत्र रामग्राम नगरपालिका, नवलपरासी (ब.सु.प) को व्यवसायिक कृषिद्वारा खाद्य सुरक्षा सुनिश्चितता तथा आय आर्जन सुधार कार्यक्रम कार्यान्वयन गर्न ................................................ कार्यक्रम अन्तर्गतको..............................................कार्यका लागि प्रयोग गरिनेछ ।

४.२ सम्झौता भएको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

४.३ दोस्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछि तत्काल काम शुरु गर्नु पर्नेछ ।

४.४ दोस्रो पक्षले यस कार्यक्रमको लागि आफ्नै समुहको स्रोत बाहेक **अन्य कुनै सरकारी, गैह सरकारी संघ सस्थाबाट सहयोग, अनुदान** आदि प्राप्त गरेको भए स्पष्ट रुपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ ।

४.५ यस परियोजनाको निर्माण/ जडान/ खरीद कार्य सम्झौता पत्रमा तोकिएको अवधि भित्र सम्पन्न गर्नु पर्नेछ।

४.६ दोश्रो पक्षले सम्झौता बमोजिमको कार्य सम्पन्न गरी सकेपछी भुक्तानीका लागी आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ ।

४.७ प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षबाट प्राप्त भए पश्चात रु.............................. मा नबढ्ने गरी नियमानुसार कर कट्टा गरी दोस्रो पक्षलाई रकम उपलब्ध गराइने छ वा सम्झौता बमोजिमको पूर्वाधार निर्माण तथा जडानका लागि सामाग्री आपूर्तिकर्तालाई सोझै भुक्तानी दिन सकिने छ।

४.८ दोस्रो पक्षले यो सम्झौता बमोजिमको सम्पूर्ण कामकारबाही (व्यवसायिक योजना, डिजाइन, इष्टिमेट अनुसार) सम्पन्न गरी कार्यक्रम/योजना संचालनमा ल्याउनु पर्नेछ।

४.९ दोस्रो पक्षले कृषि उत्पादन सहयोगका लागि लिइएको अनुदान रकम योजना निर्माण/मेशिनरी उपकरण खरिद कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा वा हेलचेक्र्याइँको कारणबाट कार्यक्रमबाट निर्माण गरिएको पुर्वाधारहरु/मेशिनरी उपकरणहरुको हानी नोक्सानी भएमा प्रचलित नियम कानून बमोजिम दिइएको अनुदान रकम दोस्रो पक्षबाट असुल उपर गरिनेछ ।

४.१० दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन ।

४.११ यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

**उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौ भनी दस्तखत गर्नेः**

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नामः | नामः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः |
| दस्तखतः | दस्तखतः |
| रामग्राम नगरपालिका नवलपरासी (ब.सु.प.) | अनुदानग्राहीको नामः |

**साक्षी (रोहबर)**

| साक्षी १ | साक्षी ३ |
|---|---|
| नाम : | नाम : |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

नोटः कार्यक्रमको प्रकृति/ आवश्यकतानुसार अनुसुचिका विवरणहरु थप घट गर्न सकिने छ ।

प्रमाणीकरण मितिः २०८३/०१/१५

आज्ञाले
भूपेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत